# बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित आ.व. २०७९/०८० को बजेट वक्तव्यको बुँदाहरू

१४३. सीप र दक्षताको आधारमा युवा जनशक्तिको अभिलेखीकरण गरी तालिम प्रदान गर्न बजेट व्यवस्था गरेको छु । युवा जनशक्तिलाई प्रदेशको विकास अभियानमा स्वयम् सेवकको रूपमा परिचालन गरिनेछ । प्रदेश भित्र विशिष्ट योगदान गरेका युवाहरू र युवा वैज्ञानिकहरूलाई प्रोत्साहन र सम्मान गर्न बजेट छुट्याएको छु ।

१४४. प्रदेश युवा परिषद् स्वरोजगार कार्यक्रम मार्फत प्रदेश भित्रका युवाहरूलाई विभिन्न सीपमुलक पेशा तथा व्यवसायमा संलग्न गराई स्वरोजगार बनाउन बजेट व्यवस्था गरेको छु ।

१४५. दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन गर्न र नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशको सहभागिताको लागि तयारी गर्न रू. ७ करोड विनियोजन गरेको छु । खेलाडी, प्रशिक्षक तथा रेफ्रिलाई प्रशिक्षण, सम्मान र पुरस्कार र क्षमता विकासका लागि बजेट व्यवस्था गरेको छु ।

१४६. निर्माणधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला सम्पन्न गर्न भरतपुर महानगरपालिकासँग सहकार्य गर्न रु. ५ करोड विनियोजन गरेको छु ।

४५७. निर्माणधिन गौरीटार, पिपलटार, चौतारा, दुधौली, मन्थली रंगशाला तथा माडी, थाहा, धनौजी र निलकण्ठ कर्भडहल लगायतका महत्वपूर्ण खेलकुद पूर्वाधार आयोजनाहरूको निर्माण कार्यलाई प्राथमिकतामा राखी बजेट व्यवस्था गरेको छ ।

४५८. प्रत्येक माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाट एक जनालाई प्रशिक्षण प्रदान गरी खेलकुद शिक्षक तोक्ने व्यवस्था मिलाइनेछ । मख्यमन्त्रीसँग बालबालिका स्काउट कार्यक्रमको आयोजना गरिनेछ ।

१४९. खेलकुद संघहरूको संस्थागत क्षमता अभिवृद्धि गरी खेलकुद प्रतियोगिताहरूको आयोजनामा प्रदेश खेल संघहरूको भूमिकालाई प्रभावकारी बनाईनेछ । खेलाडी र प्रशिक्षकहरूको क्षमता विकासका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१५०. युवा तथा खेलकुद मन्त्रालयको लागि रु. १ अर्ब २२ करोड ६५ लाख विनियोजन गरेको छु ।